आज मिति २०७५।०३।०२ गतेका दिन यस बडीकेदार गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण बहादुर चन्द ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकमा तपशिल बमोजिमको उपस्थितिमा तपशिलका प्रस्ताव उपर छलफल गरी तपशिल बमोजिमका निर्णय गरियो ।

**तपशिल:**

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर चन्द | अध्यक्ष | | |
| २ | ईन्द्रा बोहरा भाट | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | कार्यपालिका सदस्य | | |
| ४ | राम बहादुर नाम्जाली | कार्यपालिका सदस्य | | |
| ५ | लिलाधर सापकोटा | कार्यपालिका सदस्य | | |
| ६ | बिरेन्द्र कोटकेनी | कार्यपालिका सदस्य | | |
| ७ | बुद्दीसागर बिनाडी | कार्यपालिका सदस्य | | |
| ८ | पदमा देवी नेपाली | कार्यपालिका सदस्य | | |
| ९ | टीकाराम भुल | कार्यपालिका सदस्य | | |
| १० | दिपक बहादुर नेपाली | कार्यपालिका सदस्य | | |
| ११ | भागा देवी मल्ल | कार्यपालिका सदस्य | | |
| १२ | चित्रा देवी चन्द | कार्यपालिका सदस्य | | |
| १३ | निर्मला देवी दमाई | कार्यपालिका सदस्य | | |
| १४ | दिपक पाण्डेय | सचिब | | |

**आमन्त्रित सदस्य**

| | | | | |
|---|---|---|---|---|
| १ | टोप बहादुर चन्द | आमन्त्रित सदस्य | | |

**अन्य आमन्त्रीत**

| | | | | |
|---|---|---|---|---|
| १ | दल बहादुर धामी | लेखा प्रमुख | | |
| २ | टोप बहादुर चन्द | सुचना प्रविधि अधिकृत | | |

**प्रस्तावहरु:**

१. राजश्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा ।

२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्वन्धमा ।

३. आ.व. ०७५/०७६ को बजेट सीमा निर्धारण सम्वन्धमा ।

४. आ.ब. ०७५/७६ को वडा कार्यालय तर्फको पुजीँगत बजेट सीमा निर्धारण सम्वन्धमा ।

५. वडा समितिहरुलाइ वडागत योजना तर्जुमाका लागि आवश्यक निर्देशन सम्वन्धमा ।

६. विषयगत शाखाहरुलाइ योजना तर्जुमाका लागि आवश्यक निर्देशन सम्वन्धमा ।

७. बर्छेन स्वास्थ्य चौकीलाइ विनियोजित बजेटको स्पस्टता सम्वन्धमा ।

८. लक्षित बर्गका लागि विनियोजित बजेटको थप स्पस्टता सम्वन्धमा ।

९. एम्बुलेन्स संचालनको मोडालिटी सम्वन्धमा ।

१०.कर्मचारी प्रोत्साहन तथा पुरस्कार सिफारिस समिति गठन सम्वन्धमा ।

११. पेश्की फछ्यौंट सम्वन्धमा ।

१२.सामुदायिक, संस्थागत,गुठी र सहकरी विद्यालय स्थापना, अनुमति, संचालन र व्यवस्थापन नियमन कार्यविधि, २०७५ सम्वन्धमा ।

१३.ICT स्थापनाका लागि सामुदायिक सिकाइ केन्द्र छनौट सम्वन्धमा ।

१४.नेपाल शिक्षक महासंघ स्थानीय एकाइ बडीकेदार गाउँपालिका लाइ कार्यालय स्थापनाको लागि सामाग्री खरिदको लागि सहयोग सम्वन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा राजश्व परामर्श समितिबाट प्राप्त प्रतिवेदनलाई स्विकार गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त प्रतिवेदनलाई स्विकार गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त प्रतिवेदन स्वीकार गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा आ.ब. ०७५/०७६ का लागि वडा कार्यालय तर्फ पूँजीगत शिर्षकमा प्रति वडा रु ४५ लाख बजेट सीमा निर्धारण गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा वडा समितिहरुले यहि मिति २०७५/३/१५ गते भित्र वडा भेला सम्पन्न गरी गाउँपालिकामा आ-आफ्ना योजना तथा कार्यक्रम पेश गर्ने गरी निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा गाउँपालिका अन्तरगतका सबै बिषयगत शाखाहरुलाइ नेपाल सरकारबाट शसर्त अनुदान सहित प्राप्त योजना तथा कार्यक्रम बाहेक अन्य कुन कुन योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने हो सो को स्पष्ट योजना तथा कार्यक्रम र प्रस्तावित बजेट सहितको कार्ययोजना मिति २०७५/०३/२० गते भित्र गाउँपालिका समक्ष पेश गर्ने गरी निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिकाको आ.ब. ०७४।०७५ को बजेट बाट बर्छैन स्वास्थ्य चौकी लाई रु. १३००००।– आवश्यक सामग्री खरिद भनी विनियोजित गरिएकोमा उक्त संस्थाको आवश्यकतालाई मध्यनजर गर्दा भवन मर्मत अति आवश्यक देखीएकोले बिनियोजित रकम मध्ये रु. ३००००।– भवन मर्मत र बाँकी रकम रु. १०००००।– सामग्री खरिद गरिसकेकोले सो कार्यलाइ अनुमोदन गरी खर्च अनुसार रकम भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा यस गाउँपालिकाबाट लक्षित बर्गका लागि बिनियोजित बजेटको कार्यान्वयनका लागि गा.पा. उपाध्यक्षको संयोजकत्वमा गठित लक्षित बर्ग योजना छनौट समितिले मिति २०७५/०३/११ गते गरेको निर्णयलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा यस गाउँपालिकामा दाताबाट प्राप्त हुन लागेको ऐम्बुलेन्सको संचालन गाउँपालिकाको प्रत्यक्ष नियन्त्रणमा रहने गरी संचालन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० उपर छलफल गर्दा यस गाउँपालिकाको गाउँ सभाबाट उत्कृष्ट


Web:www.badikedarmun.gov.np, e-mail: doti.badikedar@gmail.com, अध्यक्ष:९८६८७४५१०६,९७४४०८२१२०, उपाध्यक्ष:९७४९०५८८६८,प्रमुख प्रशासकीय अधिकृत:: ९८५८४२८०००

कर्मचारीलाइ प्रदान गर्न बिनियोजित रु ५००००।– को पुरस्कार पुरस्कार प्रदान गर्नका लागि उत्कृष्ठ कर्मचारी छनौट गरी गाउँ सभामा सिफारिस गर्न तपशिल बमोजिमको एक उत्कृष्ठ कर्मचारी छनौठ तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

१. श्री कृष्ण बहादुर चन्द, गा.पा. अध्यक्ष — संयोजक

२. श्री बुद्धिसागर बिनाडी, वडा अध्यक्ष, वडा नं ४ — सदस्य

३. श्री दिपक पाण्डेय, प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

११. प्रस्ताव नं ११ उपर छलफल गर्दा यस गाउँपालिकाबाट बिभिन्न मितिमा सर्भे तथा डिजाइन, असहाय उपचार खर्च, मेलमिलापकर्ताको तालिम आदि शिर्षकमा प्रदान गरिएको रकमको पेश्की फछ्यौंट गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ उपर छलफल गर्दा शिक्षा शाखाबाट तयार सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन र व्यवस्थापन नियमन कार्यविधि, २०७४ लाई सरोकारवालाहरुको छलफलमा लैजाने निर्णय गरियो ।

१३. प्रस्ताव नं १३ उपर छलफल गर्दा नेपाल सरकारबाट यस गाउँपालिकालाई शिक्षा तर्फ सशर्त अनुदानका रुपमा प्राप्त ict स्थापनाको बजेट कलारुवा सामुदायिक अध्ययन केन्द्र बडीकेदार-४ डोटीलाइ दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ उपर छलफल गर्दा नेपाल शिक्षक महासंघ स्थानीय एकाइ बडीकेदार गाउँपालिका लाइ कार्यालय स्थापनाको लागि सामाग्री खरिद स्वरुप रु. ५० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।